# बराहताल गाउँपालिकाको आ.व. २०७६/७७ का लागी नीतिहरु

## आर्थिक बिकास

### कृषि :-

- अर्गानीक नगदे बाली लाइ पालिकाको उपयुक्त क्षेत्र र भूगोल अनुकुल बिस्तार गर्न कृषि समुह र कृषि सहकारी मार्फत ७५ प्रतिशत लागत सहभागीतामा आधुनिक कृषि औजार बितरण तथा मसला बाली उत्पादन बिशेष कार्यक्रम संचालन गरिने छ।
- उपयुक्त क्षेत्र र भूगोल अनुकुल कृषकहरुलाई ५०% लागत साझेदारीमा फलफूल विरुवा वितरण गरिने छ
- प्राविधिक रुपले संभावित स्थानहरु पहिचान गरी मौरी पालन र च्याउ खेती पकेट क्षेत्र कार्यक्रम संचालन गरिने छ
- विउ विजन फलफूल तरकारी लगाएत कृषि बस्तु भण्डारण गर्ने शित भण्डार प्रदेश सरकार संग सहकार्य गरिनेछ।

### पशुपंक्षी विकास :-

- पशु विमा कार्यक्रम सञ्चालनमा ल्याई दुग्ध र खसी मासु बिक्रीमा अनुदान रकम उपलव्ध गराइने नीति अवलम्वन गरिने छ।
- वराहताल गाउँपालिका क्षेत्र भित्र दुग्ध संकलन केन्द्रहरु स्थापना गरी एक दुग्ध चिस्यान केन्द्र स्थापना गरिने छ।
- पशुपक्षि औषधि उपचारको लागी चाहिने आवश्यक सामाग्री र औषधि निशुल्क रुपमा वितरण तथा शिविर संचालन गर्ने कार्यक्रम लाइ निरन्तरता दिइने छ।
- उन्नत जातका पशुपालन, समुह, सहकारी लाई अनुदानको व्यवस्था गरिने छ।

### श्रोतहरुको पहिचान

- बराहतालमा रहेका खोला र नदिहरुमा (प्रारम्भीक वातावरणीय परिक्षण ) गरि ढुङ्गा वालुवा गिट्टी जस्ता दहत्तर वहत्तरको ठेक्का पट्टामापूर्ण प्रतिस्पर्धा गराइ अधिकतम आन्तरिक स्रोत वृद्धी गरिनेछ।
- राजस्व संकलन कार्यलाई प्रभावकारी वनाउन नियमितरुपमा वढी भन्दा वढी कर तिर्ने करदातालाई सम्मानित गरी करदातालाई करतिर्न प्रोत्साहित गर्न विभिन्न अभियान संचालन गरिनेछ।
- बराहतालमा रहेका सामुदायिक वनलाई वन सम्वन्धी कार्यक्रम ल्याई करको दायरामा ल्याइनेछ।

### नागरीकको आय आर्जन

- गाउँपालिकाबाट संचालन हुने विकास निर्माण कार्यमा प्रयोहुने श्रमिकको ज्याला समय सापेक्ष बृद्धीगरी प्रधानमन्त्री कृषी कार्यक्रमलाई पूर्ण त श्रम मैत्री बनाइ नागरिकको रोजगारीको हकलाइ सुनिश्चित गरिने छ।
- बेमौशमी कृषिबाली, पशुपक्षि दुध मासुजन्य र नगदे वालीलाई उत्पादनमा जोड दिदै रोजगारी तथा आय आर्जनका विविध कार्यक्रम संचालन गरिने छ।
- बराहतालका लक्षीत वर्गका युवा युवतीहरुलाई ड्राइभिङ्ग, पलम्वर, हाउसवाइरिङ्ग र नेतृत्व विकास जस्ता तालिमहरु संचालन गरि स्थानीय युवाहरुलाइ क्रमश स्वरोजगारी तर्फ उन्मुख गराइने छ।

## सार्वजनीक सेवा तथा क्षमता विकास

- गाउपालिकाको बिद्युतिय पाश्वचित्र, श्रोत नक्सा र विकास गतिविधि सम्वन्धी समेटिएको वृत्त चित्र निर्माण गरी गाउँपालिकाको वास्तविक दर्पण **Website** बाट समेत प्रचार प्रशार गरिने छ।
- पदाधिकारी एवं कर्मचारीहरुको क्षमता विकासगरि संस्थागत सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रभावकारी बनाईनेछ।
- सेवा प्रवाहमा सहजता ल्याउन गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय हरुलाई फर्निचर, कम्प्युटर तथा प्राविधिक मेसिन औजारले सुसज्जित पारी जस्तो सुकै अवस्थामा पनि सेवा प्रवाह गर्न सकिने अवस्था कायम गरिनेछ
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भष्ट्राचारमुक्त र जनउत्तरदायी बनाइ भष्ट्रचारप्रति शुन्य सहनशीलताको नीति अबलम्बन गरिनेछ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवाहरु असहाय अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिकलाई सेवामा अग्राधिकार प्रदान गर्ने नीति अवलम्बन गरिने छ।
- श्रोत ब्यवस्थापनलाई बैज्ञानिक, यथार्थ परक र ब्यवस्थित गर्न कम्प्यूटरीकृत (**Computer Software** ) को प्रयोगबाट **Database** का आधारमा लेखा व्यवस्थापन तथा कर शुल्क संकलन कार्यलाइ प्रभाकारी बनाइने छ।

- आवधिक रुपमा सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षणका माध्यमबाट सुशासन पारदर्शिता र जवाफदेहितामा अभिबृद्धि गराउन सवै आयोजना कार्यक्रमहरुमा उल्लेखित विधिको प्रयोग गरिने छ
- गाउँपालिकाको काम कारवाहीलाई प्रविधि संग आवद्ध गर्ने नीति अनुरुप कम्प्युटराईज्ड प्रणालीमा ढालिने व्यवस्था मिलाईनेछ र सेवा प्रवाह सुब्यबस्थित गर्दै वडा कार्यालयहरुलाइ नेट वर्किङ गरि घटना दर्ता तथा समाजिक सुरक्षा जस्ता कार्यलाइ पूर्ण रुपमा अनलाई  गरिनेछ।
- उपभोक्ता समितिलाई आयोजना सञ्चालन गर्नु पूर्व आयोजना व्यवस्थापन संचालन तथा लेखा तालिम प्रदान गरिनेछ र उपभोक्ता समितिलाई निर्देशिका बनाई व्यवस्थित गरिनेछ।
- योजना कार्यान्वियन क्यालेण्डर तयार गरि योजनाको काम जेठ मसान्तमा नै सम्पन्न गरिनेछ भने चैत्र मसान्त पछी संझौता गरिने छैन।
- समुदायमा आधारित टोल विकास संस्थाहरु गठन गरि आर्थिक विकास, सामाजिक विकास, सरसफाई, वातावरण संरक्षण तथा आयआर्जनका क्रियाकलापहरु संचालन गरिनेछ।
- कर्मचारी तथा प्रतिनिधिहरुलाई तालिम तथा क्षमता विकास गराई कार्यसम्पादनमा छिटो छरितो र चुस्तता ल्याईने छ।

**बातावरण तथा विपद व्यवस्थापन**

- "**सफा बराहताल हरियाली गाउँपालिका**" भन्ने मुलनारा लाई आत्मसात गर्दै एक घर ५ विरुवा कार्यक्रमलाई अनिवार्य लागू गरि वनजंगल संरक्षण कार्य अगाडी वढाईनेछ।
- वातावरण मैत्री स्थानीय सरकार (EFLG गरेको जारी सरकारले नेपाल अनुरुप अवधारणा Framework का परिसुचक हरुलाई गाउँपालिकामा लागु गर्न, वातावरण मैत्री बराहताल गाँउपालिका बनाउने क्रियाकलाप कार्यान्वयन गरिनेछ।
- बराहताल गाउँपालिकालाई हरित गाउँपालिकाको रुपमा विकास गर्न बनजंगल संरक्षण कार्य अगाडी बढाईनेछ।
- सडक मापदण्ड पुरा भएका सडकका दुवै साईडमा अभियानको रुपमा बृक्षारोपण गर्ने र सडक आयोजना संचालन गर्दा सडकको दुवै किनारामा वृक्षारोपण कार्यलाई आयोजनाको अनिवार्य शर्तको रुपमा कार्यन्वयन गरिने छ।
- गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालय,कार्यालय, सार्वजनिक स्थल पानीका मुहान क्षेत्र आदिमा प्लाष्टिकका झोला, कप जस्ता प्लाष्टिक जन्य फोहोरहरु क्रमशः निषेधित गरिंदै लगिनेछ।
- ठुला सडक तथा पूर्वाधार निर्माण गर्दा EIA/IEE गरेर मात्र पूर्वाधार निर्माण गर्ने नीति अबलम्वन गरिनेछ।
- बड्डीचौर बजार क्षेत्रलाई हरीयाली सहित सफा र स्च्छ राख्न वृक्षारोपण र फोहर विसर्जनको उचित व्यवस्थापन गर्दै ढल निकासको ब्यवस्था गरिने छ।
- विपद् जोखिम न्यूनीकरण गर्नका लागि गाउँपालिका स्तरीय विपद् कोष खडा गरी स्रोत खोला जलाधार क्षेत्रमा बिपद् को पुर्व सूचना प्रर्णाली राख्ने व्यवस्था गरिनेछ।
- गाउँपालिकामा क्षेत्रमा आश्रय लिइ रहेका बाढी पिडितहरुलाई प्रदेश सरकारसंग सहकार्य गरी घर घडेरी कोलागि राहत उपलब्ध गराईनेछ।
- गाउँपालिकाका जोखिमयुक्त स्थानहरुको पहिचान गरी विपद् सम्वन्धी सचेतनामुलक कार्यक्रम गरिनेछ।
- बराहताल गाउँपालिका क्षेत्रभित्र रहेका जग्गाका पालिका स्तरको निस्सा विरण कार्य अगाडि वढाईनेछ।
- पानीका स्रोतहरु सुक्न नदिनका लागि मुहान वरिपरी वृक्षारोपण र मुहान देखिमाथि चार्जिङ्ग पोखरीको अवधारणा अवलम्बन गरिनेछ।
- केही स्थानमा नर्सरी स्थापनाका लागि अनुदानको व्यवस्था गरी फलफूलमैत्री कृर्षि कार्यक्रम संचालन गरिनेछ।
- वनजंगलमा आगलागी र चोरी शिकार अवैध काठकटान नियन्त्रणको लागि सम्वन्धित निकायसंग सहकार्य गरी जनचेतनामुलक कार्यक्रम  संचालन गर्ने र अनुगमनकारी नकाय गठन गरी अनुगमन गरिने छ।
- जडिवटी जन्य वनस्पतिको संरक्षण व्यवस्थापन र प्रवर्धन गरि गाउँपालिकाको आन्तरिक श्रोत अभिबृद्धी गरिने छ।
- जोखिमयुक्त स्थानमा तटवन्ध गर्न गाउँपालिकाको स्रोत साधनले सम्पन्न गर्न नसकिने खालका ठुला तटवन्धन लगाएतका कार्यलाई प्रदेश सरकार र संघिय सरकार संग सहकार्य गरिने छ।

**सामाजिक बिकास**

**स्वास्थ्य :-**

- प्रादेशीक अस्पताल प्रेषण गरिएका सुत्केरी आमाहरुलाई निशुल्क र वडाहरुबाट पालिकाले संचालन गरेका बर्थिङ सेन्टरहरुमा सुत्केरी हुन आउनेहरुको हकमा ५० प्रतिशत एम्बुलेन्स भाडा छुटको व्यवस्था गरिएको छ।

- स्वास्थ्य चौकीहरुमा संचालित प्रयोगशालाबाट गर्भवती , क्षयरोग , कालाजार , मलेरिया HIV जाँच निशुल्क रुपमा गरिनेछ ।
- टोल टोलमा गर्भवती आमा समुह गठन गरी " गर्भवती आमा सँग आकस्मिक कोष " कार्यक्रम लागु गरिनेछ भने स्वास्थ्यसेवाहरु लाई प्रभावकारि बनाउन औजार उपकरणको व्यवस्था मिलाईनेछ Baby warm heater व्यावस्था गरिनेछ।
- जनचेतना एवं परामर्श कार्यक्रम,छाउपडी तथा बालविवाहलाई न्यूनिकरण कर्यक्रम,किशोरकिशोरी मैत्री कार्यक्रम,स्वास्थ्यमा सामाजिक व्यवहार परिवर्तनका कार्यक्रम निर्माण प्रकृयामा **"पि"** प्रकृयालाई अनुशरण गरी डाटामा आधारित रहेर मातृ तथा बाल स्वास्थ्य , किशोरकिशोरी स्वास्थ्य , परिवार नियोजन, प्रजनन स्वास्थ्यका कार्यक्रम जस्ता कार्यक्रम अभियानकोरुपमा संचालन गरिनेछ।
- खोप कार्यक्रम लाई व्यवस्थित र प्रभावकारी बनाएर बराहताल गाउँपालिका एउटा भ्याक्सिन भण्डारणको व्यावस्था गरिनेछ।
- सुरक्षीत महिनावारी व्यवस्थापनका लागी सेनिटरी प्याड निर्माण तथा प्रयोगलाई बढवा दिइनेछ
- सुनौलो हजार दिनका आमा तथा बच्चाको स्वास्थ्य स्थिति राम्रो राख्न स्वास्थ्य शिक्षा र पोषण कार्यक्रमको योजना बनाई लागु गर्ने र ५ वर्ष मुनिका वालवालिकाहरुलाई कुपोषित हुन नदिनका लागि पोषण कार्यक्रमलाई तिब्रता दिईनेछ।
- स्वास्थ्य सेवालाई प्रभावकारि बनाउन स्वास्थ्यकर्मिहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ।
- स्वास्थ्य सुचना प्रणालीलाई DHIS २ को माध्यमबाट रिपोर्टिङ गर्ने व्यवस्था मिलाईनेछ भने MPDSR कार्यक्रमलाई प्राथमिकिकरणको कार्यक्रमा राखिनेछ।
- परिवार नियोजनका साधनको प्रयोगदरलाई बढाई जन्मदर तथा मातृ शिशुको स्वास्थ्य स्थितिमा सुधार लगाईनेछ।
- समुदायमा लुकेर बसेका क्षयरोगी बिरामीको खोजपड्तालका लागी Microscopic Camp एवं चौमासीक रुपमा समिक्षा कार्यक्रम संचालन गर्न विशेष जोड दिईनेछ।
- बराहतालको स्वास्थ्य स्थिति सुधारमा लागि विभिन्न स्वास्थ्य सँग काम गर्ने संध संस्था सँग समन्वय गरि कार्यक्रम तथा कृयाकलाप सञ्चालन गरिनेछ। बराहताल गाउँपालिकामा १५ शैयाको हस्पिटल स्थापनाका लागि संघिय सरकार सँग पहल गरिनेछ।
- बराहताल आमा समूह नीति वनाई स्वास्थ्य क्षेत्रमा आमा समुह परिचालन लाई व्यवस्थित गरिने छ।
- स्वास्थ्य बिमा कार्यक्रम लाई निरन्तरता दिई प्रभावकारी वनाईनेछ।

**शिक्षा तथा खेलकुद :-**

- शिक्षक कर्मचारीको अपुग दरबन्दीलाई व्यबस्थापन गर्न अनुदान शिक्षकको नीति लिईनेछ।
- बिद्यालयका बाल बिकास स.का. तथा कर्मचारीहरुको पोषाक भत्ता कार्यक्रमलाइ निरन्तरता दिइने छ।
- कर्णाली कृषि क्याम्पस संचालनको लागि प्रदेश र संघिय सरकार संग बिशेष पहल गरिने छ।
- बिद्यार्थी भर्नादर बृद्धि गर्न बिद्यालय स्तरमा शैक्षिक गुणस्तर बृद्धिका थप क्रियाकलाप जस्तै : गुनासो पेटिका व्यबस्थापन, अनाथ छात्रबृत्ती, जेहेन्दार छात्रबृत्ती ,शैक्षिक सामाग्री सहयोग, कक्षा कोठा व्यबस्थापन, खाजा ब्यावस्थापन सहयोग आदी संचालन गरिनेछ।
- बिद्यालय संचालन प्रक्रियालाई सुचना प्रबिधी मैत्री बनाउन आबश्यक पहल गरिने छ ।
- अभिभावक शिक्षा तथा सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- शिक्षक तथा कर्मचारीको क्षमता बिकासका कार्यक्रमहरु संचालन गर्ने, कार्यसम्पादनको आधारमा प्रोत्साहन र दण्डको निति अबलम्बन गरिनेछ ।
- मातृभाषाका कक्षा संचालन गर्ने बिद्यालय लाई प्रोत्साहन गर्ने, सहजकर्ता हरुको क्षमता बिकास सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने, सिकाइका लागि मन्टेश्वरी बिधी क्रमश: लागु गर्दै आवश्यकता पहिचानगरी थप बाल बिकास केन्द्र संचालन गर्ने र सामुदायिक सिकाइ केन्द्रलाई थप व्यबस्थित गरिनेछ।
- विद्यालयमा ल्याब तथा लाइब्रेरी स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै कम्प्युटर शिक्षालाई बिशेष जोड दिइनेछ।
- खेलकुदको प्रबर्धनको लागि पालिका स्तरिय खेलकुद विकास समिति लाई व्यवस्थित गरी बराहताल गाउँपालिका स्तररिय खेलकुद कार्यक्रमलाई निरन्तरता दिइनेछ भने बहुउद्धेश्यीय रंगाशाला को आबश्यक पुर्वाधार निर्माणको लागि कर्णाली प्रदेश सरकारको एक निर्वाचन क्षेत्र एक रंगशाला नीति अनुरुप खेल मैदानलाई क्रमश: बिकास गर्दै लगिने छ।
- प्रत्येक बिद्यालय र स्वास्थ्य चौकीहरुमा क्रमशः बिद्युतिय हाजिरीको व्यबस्था गर्दै लगिनेछ।
- भूगोल र बिद्यार्थि संख्याको आधारमा बिद्यालय मर्ज गर्ने कार्यलाई बिशेष प्रोत्साहित गरिनेछ।

- शिक्षा नियमावलीमा व्यवस्था भए बमोजिमको व्यवस्था अनुसार प्र.अ. नियुक्ति गर्ने कार्य लाई कडाइका साथ लागु गरिने छ।

**लैङ्गीक समनता तथा सामाजीक समावेशीकरण:**

- महिला, दलित, आदिवासी, जनजाती, अपाङ्ग, एकल महिला, द्धन्द्ध पिडित, वाढी पिडित, आर्थिक विपन्न तथा सामाजिक बञ्चितिकरणमा परेका विभिन्न वर्गका नागरिकको उद्यमशीलता सम्मान र सिप विकास क्षमता विकास तर्फ लक्षित कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- "**वालअधिकार स्थानिय सरकारको सरोकार तथा हाम्रो वालवालिका हाम्रो भविष्य**" भन्ने नारा अर्न्तगत वालमैत्री गा.पा. तथा वालश्रम विहिन गा.पा. निर्माणको कार्यलाई अगाडि वढाईनेछ।
- महिला दलित आदिवासी जनजाति द्धन्द्ध पिडित वाढी पिडित अपाङ्ग विपन्न परिवारका छोरा छोरीहरु लाई प्राविधिक शिक्षामा जोड दिइने छ।
- वाल मैत्री घर /समाज /विद्यालय हुनका लागी अभिभावक शिक्षाको व्यवस्था गरिनेछ ।

**सरकारी तथा गैर सरकारी संघ संस्था**

- बराहताल गा.पा. भित्र कार्यक्रम संचालन गर्ने गैर सरकारी संध संस्थाहरुको कार्यक्रम स्थानिय आवश्यकता र योजनाका आधारमा मात्र संचालन गर्ने नीति लिइनेछ।
- गाउँ सभामा पास नभएका संघ संस्थाका कार्यक्रमहरु संचालन अनुमती प्रदान नगर्ने नीति गाउँपालिकाले अवलम्बन गर्ने छ ।

**संस्कृति प्रवर्द्धन :**

- मठ- मन्दीर, गुम्वा , चैत्य र चर्च आदिको संरक्षण एंव प्रर्वद्धन गर्दै धार्मिक सद्भभाव र धार्मिक पर्यटनको विकास गर्ने निती लिइनेछ।
- स्थानीय बहु संख्यक जात जातीका भाषामा कक्षा १ – ५ पठन पाठनकोलागि गाउँ पालिकाबाट अनुदान प्रदान गरिने छ।
- पालिका क्षेत्रमा रहेका सवै एतिहासिक पर्यटकीय धार्मिक पुरातात्विक स्थल , भाषा , धर्म संस्कृतिको संरक्षण र सम्वद्धनका कार्यक्रमहरु समान रुपले संचालन गरिनेछ।

पुर्वाधार विकास :-

- स्थानीय पूर्वाधार विकास दिगो र भरपर्दो बनाउन श्रममुलक, वातावरण मैत्री, सहभागितात्मक कार्य प्रर्णाली अपनाईने छ।
- स्थानीय जनताको जीविकोर्पाजनमा टेवा पुरयाउनेगरि स्थानीय पुर्वाधार विकासका कार्यक्रमहरु तर्जुमा गर्ने कार्यलाइ प्राथमिकता प्रदान गरि पूर्वाधारहरु स्वामित्वका आधारमा सम्वन्धित उपभोक्ता समितिलाई संचालन र मर्मत सम्भारका लागि जिम्मेवार वनाईने छ।
- स्थानीय पूर्वाधार विकासको क्षेत्रमा लैंगिक मुल प्रवाहिकरण सुनिश्चित गर्न महिला सशक्तिकरण लाई मुल आधार बनाई कार्यक्रम संचालन गरिनेछ।
- बेरोजगारमा सूचिकृत आर्थिक रुपमा सवभन्दा पछि परेका जनजाती दलित र उपेक्षित समुदाय एवम अपांगहरु लाई स्थानीय पूर्वाधार विकास कार्यक्रममा लाभाम्वित एवं सहभागी गराउने नीति अवलम्बन गरिनेछ
- गैर सरकारी संस्था,सामुदायिक संघ संस्था एवम उपभोक्ता समुह तथा निजी क्षेत्रलाई सना तथा स्थानीय पुर्वाधार विकासमा साझेदार निकायको रुपमा संलग्न गराइने छ।
- सहभागितामुलक कार्यक्रम तर्जुमा,कार्यान्वियन,अनुगमन तथा मूल्याँकन प्रकृया अनुसरण गरिनेछ
- सडक संजालको विकास गर्न सवारी तथा यातायात ब्यवस्थापन गर्न गाउँपालिका स्तरिय यातायात गूरु योजना ) **Rural Transport Master Plan RTMP** तयार गरि बहुबर्षिय योजना चरणबद्ध रुपमा क्रमशः । छ ल्याइने कार्यन्वयनमा

**२. उद्योग बाणिज्य तथा श्रम,रोजगार तथा बजार व्यवस्थापन**

- पालिका क्षेत्रमा संचालन भएका पशलहरुको लागत तयार गरि दर्ता नभएका पशलहरुलाई दर्ता गराई स्थानीय व्यापार व्यवसाय व्यवस्थित गरी कर संकलन कार्यको थालनी गरिनेछ।
- उपयुक्त स्थानमा सम्भावित बजारको अध्ययन गरि सोहि वजारबाट स्थानीय उत्पादन संकलन र विक्री गर्ने बातावरण श्रृजना गरिने छ भने उपयुक्त स्थानमा तरकारी, दुध तथा स्थानीय उत्पादन संकलन केन्द्र क्रमश बनाउँदै लगिने छ।
- मैत्रिपूर्ण लगानीको बातावरण सिर्जना गरि श्रम गर्ने नागरिकहरुलाई उत्पादनशील, विभेदरहित शोषणमुक्त, मर्यादित, सुरक्षित र स्वस्थ कामका अवसर प्रदान गरिने छ।
- स्वरोजगारका लागि उद्यमशील युवाहरुलाई लघु कर्जा कार्यक्रममा अभिप्रेरित गराईने छ।

- यस गाउँपालिका निवासी रोजगार कार्यक्रममा सुचिकृतहरु लाई भौतिक पूर्वाधार तथा अन्य श्रममुलक कामका लागि प्रथम प्राथमिकता दिदै यस्ता श्रम मुलक कामको ज्याला बृद्धीगरी प्रति व्यक्ती आयमा बृद्धि गदै गरिवि न्युनिकरणमा जोड दिईने छ।

**३.कृर्षि,सिंचाई,सहकारी र गरिवि निवारण**

- स्थानीय बासीहरु लाई कृषि उत्पादन, तरकारी खेती,फलफुल खेती,माछा पालन, गाईभैसि पालन, माहुरी पालन, कुखुरा पालन, बंगुर पालन व्यवसाय तर्फ आकर्षित गराउने खालका विविध कार्यक्रम संचालन गरिनेछ ।
- उद्यमशिलता तथा लघु उद्यमहरुको विकास गरि स्वरोजगारको लागि अवसरहरुको सृजना गर्ने तर्फ जोड दिइनेछ।
- परिवारको कूनै सदस्यको रोजगार नभएको र अति गरिव, जेहेन्दार छात्र छात्राहरुलाई प्राविधिक छात्रबृद्धिको व्यवस्था गरिने छ।
- यस गाउँपालिका भित्र रहेका सहकारी मार्फत मागका आधारमा उद्यमशीलता, शिप बिकास जस्ता तालिम आयोजना गरिने छ भने सहकारी मार्फत अर्गानिक मल उत्पादनमा प्रविधी हस्तान्तरणमा प्राथमिकता दिइने छ।
- भेरी कीनाराका फाँटहरुमा सिचांईको लागी भेरी ववई डाइभर्सन संग सहकार्य गरिने छ।

**४.पर्यटन प्रर्वद्धन**

- पालिका क्षेत्र भित्र रहेका विभिन्न स्थानमा रहेका प्रर्यटकिय क्षेत्रहरुको सम्भाव्य अध्ययन सहित लागत संकलन गरि प्रचार प्रसारमा ल्याउने काम गरिनेछ।
- पर्यटन विकास एवं विस्तारको लागि क्षेत्रगत विकासका अवधारण सहित गुरु योजना तर्जुमा गरि त्यसलाई आवधिक योजना तथा बार्षिक कार्यक्रममा समावेश गरि प्रवर्धन गरिने छ।
- पर्यटन सेवाको गुणात्मक अभिवृद्धिको लागि मानव संसाधनको विकास तथा व्यवस्थापनमा निजि क्षेत्रसंग समन्वय गर्दै सालघारी होम स्टेलाइ व्यवस्थित गर्न प्रदेश सरकार सँग आवश्यक सहकार्य गरिने छ।
- बराहताल क्षेत्र भित्र रहेका बराहताल, कालिका गुफा, चमेरे गुफा, सुन्धारी ताल, बोधीज्ञान तपोभुमि बौद्ध विहार, ताईथापे ढुंगा, भैरव मन्दिर, बटुकभैरव, तेलपानी, पोखरीकाँडा रानीवन, भ्यु टावर, बाह्र वण्डाल अठार खण्डाल, तेलपानी सिद्धचुलि र नयाँपानी गुफा जस्ता पर्यटकिय क्षेत्रहरुको विकास गरि सम्भाव्य स्थानमा ग्रीन पार्क, भ्यू टावर, होमस्टे र पर्यटकिय स्थल सम्म पुग्नको लागि सडक निर्माण, मर्मत तथा स्तर उन्नति गरिने छ

**५.सूचना तथा संचार**

- गाउँपालिका बाट प्रदान गरिने सेवा र सुविधाको बारेमा नागरिकहरुलाई जानकारी गराउन नागरिक वडा पत्र, योजना किताव प्रकाशित र नागरिकको सेवा सुविधाको लागी नागरिक सहायता कक्ष स्थापनामा जोड दिईनेछ।
- हाल संचालनमा आएका सेलफोन सेवाहरुको स्तर उन्नति र सेलफोन नपुगेका वडा र वस्तीहरुमा सेलफोन संचालनको लागि सम्वन्धित पक्षहरुसंग पहल गरिने छ।

**६.खानेपानी तथा सरसफाई सडक तथा भौतिक योजना र पूर्वाधार विकास**

- दिगोरुपमा संचालन हुन नसक्ने तथा प्रतिफल हाँसिल हुन नसक्ने टुक्रे खालका योजना लाई निरुत्साहित गरिने छ।
- केन्द्र तोकीसकेका वडाहरु को प्रशासनिक भवन निर्माणको लागि भवन निर्माण कार्य अगाडी बढाईनेछ।
- बढी भन्दा वढी जनतालाई लाभ हुने खालका ठुला परियोजना ) **Mega Project** लाई प्राथमिकता साथ अगाडी वढाईनेछ।
- पूर्वाधार विकास कार्यमा जनपरिचालन र लागत जनसहभागितामा आधारित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिने छ। अधुरा तथा क्रमागत योजनाहरुलाई पूर्णता दिने प्रयास गरिने छ।
- एक वडा एक नमुना योजनालाई प्राथमिकता दिईने छ।
- एक घर एक धारा अभियान संचालनमा ल्याउन सरोकारवाला विच समन्वय सहकार्य गरि कार्य प्रारम्भ गरिने छ।
- रिङ्ग रोड निर्माण, ग्रामिण सडक निर्माण र कृषि सडक निर्माणको कार्यलाई उच्च प्राथमिकता दिईनेछ।
- हाल सम्म संचालनमा आएका सडक र अब बन्ने सडकहरुलाई मुख्य सडक,सहायक सडक र भित्रि सडकको रुपमा स्तर तोकि सोहि अनुसार प्राथमिकता तोकी निर्माण कार्य अगाडी बढाइने छ।
- पालिकामा संचालित सडक सम्भारकोषबाट तत्काल मर्मत गर्नु पर्ने पूर्वाधारहरु प्रति पूर्वाधार एक लाख रुपैयामा नवढाइ मर्मत कार्य गरिनेछ।

- ५ कि लामो भन्दा.मी.दुरी भएको प्रत्येक सडकलाइ पालिका स्तरीय सडकमा राखी सो सडकको मर्मत संभार तथा व्यवस्थापन पालिका स्तरबाटै गरिने छ ।
- ५ किमी. लम्बाइ भएका सडकमा आषाढ, श्रावण, भाद्र र आस्विन चार महिनाको लागि ४ जना र अन्य समयको लागि दुइ जनाको दरले सडक कार्यकर्ता सम्भार मर्मत राखी सडक ब्यवस्थित गरिने छ ।
- सडक संजालले नछोएका वडा र वस्तिहरुलाई सडक संजाल भित्र पर्नेगरी सडक निर्माण कार्य लाई पहिलो प्राथमिकता दिईनेछ ।

**७.विद्युत तथा उर्जा**

- केन्द्रीय प्रशारण लाईन नपुगेका र स्थानीय विद्युत उत्पादन गर्ने विकल्प नभएका गाउँवस्तिहरुमा सोलार जडान कार्यको थालनीको लागि सरोकारवाला पक्षसंग छलफल र समन्वय गरिनेछ र तत्काल विधुतिकरण हुने अवस्था नभएका टोल बस्तीहरुमा एक घर एक सौर्य उर्जा कार्यक्रम संचालन गरिनेछ ।
- वडा नं १ र ३ को लागि एक घर १ सौय उर्जा उज्यालो कार्यक्रम सांलन गरिने छ ।

**८. बस्ती विकास, शहरी योजना र भवन निर्माण**

- बराहतालमा हाल देखिएको छरिएर रहेका वस्तिहरुलाई एकिकृत र सुरक्षीत वस्ती बसाउन विशेष अध्यन गरिने छ ।
- उपयुक्त स्थानमा शहरी योजना बनाई बस्ती बिकास कार्यक्रम संचालन गर्न प्रदेश सरकार र संघिय सरकार सँग सहकार्य गरिने छ ।
- बराहतालको बड्डीचौर लगाएतका बजार उन्मुख बस्तीहरुमा भवन निर्माण मापदण्ड लागु गर्ने कार्यको प्रारम्भ गरिनेछ ।
- तरंगा, साजघाट, फिनीकाडा, रानीघाट, पाग्मा ,तेलपानी, चेपाङ्ग, विउरेनी, लामाखाली, वत्तिसे, सुकरमाला, ओदालताल जस्ता स्थानहरुमा स्वच्छीक एकिकृत वस्ति विकास गर्न पहल गरिने छ ।
- शहर उन्मुख क्षेत्रमा बजार र बस्ती बिकास गर्न रिङरोड, नाला, ग्रीन पार्क चिल्ड्रेन पार्क लेण्ड फिल्ड साईटको व्यवस्था गरिने छ ।